SAMCO

सामाखुसी बहुउद्देश्यीय सहकारी संस्था लि.

SAMAKHUSI BAHUUDESHYA SAHAKARI SANTHA LTD.

२५औं

वार्षिक प्रतिवेदन

२०८१/०८२

सञ्चालक समितिका पदाधिकारीहरू

श्री जन्मेजय ढकाल
अध्यक्ष

श्री बिष्णु प्रसाद लोहनी
उपाध्यक्ष

श्री रमेशनाथ रेग्मी
सचिव

श्री श्रीप्रसाद न्यौपाने
कोषाध्यक्ष

श्री माधव प्रसाद गडतौला
सदस्य

श्री बलराम श्रेष्ठ
सदस्य

श्री सरस्वती अधिकारी
सदस्य

लेखा सुपरीवेक्षण समितिका पदाधिकारीहरू

श्री कृष्ण कुमार श्रेष्ठ
संयोजक

श्री गीता शर्मा गौतम
सदस्य

श्री पिताम्बर खनाल
सदस्य

कर्मचारीहरू

श्री श्याम सुन्दर श्रेष्ठ
व्यवस्थापक

श्री चिरञ्जिवी श्रेष्ठ
कार्यालय सहायक

श्री ईन्दिरा श्रेष्ठ
कार्यालय सहायक

यस संस्थाको २५औं वार्षिक साधारण सभामा पाल्नु हुने सम्पूर्ण महानुभावहरूलाई हार्दिक स्वागत तथा अभिवादन गर्दछौं ।

SAMCO

सामाखुसी बहुउद्देश्यीय सहकारी संस्था लि.

SAMAKHUSI BAHUUDESHYA SAHAKARI SANTHA LTD.

सामाखुसी, काठमाडौं-२६

फोन नं. ४९६११९१

विषय सूची

१. पच्चिसौं वार्षिक साधारणसभा सम्बन्धी पत्र ३
२. पच्चिसौं वार्षिक साधारण सभाको कार्यक्रम ४
३. पच्चिसौं वार्षिक साधारण सभामा प्रस्तुत अध्यक्षको मन्तव्य ५
४. लेखापरीक्षण गरिएको हरहिसावको प्रतिवेदन १०
५. आ.व. २०८१/८२ को वित्तीय स्थिति विवरण, आय व्यय विवरण, नगद प्रवाह विवरण र अनुसूचीहरू ११
६. लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन २०

द.नं.: ६६२/०५७
डि.स.का., काठमाडौं

सामाखुसी बहुउद्देश्यीय सहकारी संस्था लि.

SAMAKHUSI BAHUUDESHYA SAHAKARI SANTHA LTD.

सामाखुसी, काठमाडौं-२६

फोन नं. ४९६११९१

सदस्य महानुभावहरूः

मितिः २०८२।५।२५

विषयः- पच्चिसौं बार्षिक साधारण सभा सम्वन्धमा ।

मिति २०८२।५।१२ का दिन वसेको संचालक समितिको बैठकले गरेको निर्णय अनुसार यस संस्थाको पच्चिसौं बार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा हुने भएकोले यहांको उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछु ।

सभाको कार्यक्रम :

सभा हुने मितिः २०८२ साल असोज ११ गते शनिवार ।
सभा हुने समयः विहान ८.३० बजे ।
सभा हुने स्थानः मण्डप बैंकेट, सामाखुसी, काठमाण्डौ ।

प्रस्तावहरू :

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्युले आ.व. २०८१।८२ को वार्षिक प्रतिवेदन प्रस्तुत गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहितको लेखापरीक्षण भएको २०८२ आषाढ मसान्तको वासलात र सोही मितिमा समाप्त आर्थिक वर्षको नाफा नोक्सान हिसाव प्रस्तुत गर्ने ।
३. आ.व. २०८२/०८३ को लागि लेखापरीक्षकको नियुक्ति र निजको पारिश्रमिक तोक्ने । (लेखा परीक्षकमा श्री यम कुमार श्रेष्ठले परिक्षण गर्न सक्नु हुनेछ) ।
४. आ.व. २०८२/०८३ को लागि बजेट तथा कार्यक्रम प्रस्तुत गर्ने ।
५. लेखा सुपरिवेक्षण समितिबाट प्राप्त आ.व. २०८१।८२ को वार्षिक प्रतिवेदन प्रस्तुत गर्ने ।
६. पच्चिसौं बार्षिक साधारण सभाको निर्णय पुस्तिकामा हस्ताक्षर गर्न आठ जना प्रतिनिधि तोक्ने ।
७. संस्था एकीकरण/गाभ्ने सम्बन्धमा अख्तियारी प्रदान गर्ने ।
८. विविध ।

अध्यक्षज्यूको आज्ञाले,
रमेशनाथ रेग्मी
सचिब

बोधार्थः
श्री पर्यटन, उद्योग तथा सहकारी मन्त्रालय
वागमती प्रदेश, हेटौंडा ।

द.नं.: ६६२/०५७
डि.स.का., काठमाडौं

सामाखुसी बहुउद्देश्यीय सहकारी संस्था लि.
SAMAKHUSI BAHUUDESHYA SAHAKARI SANTHA LTD.
सामाखुसी, काठमाडौं-२६, फोन नं. ४९६११९१

पच्चिसौं वार्षिक साधारण सभा सम्बन्धी जानकारी

१) साधारण सभा हुने भनी तोकिएको समयमा सदस्यहरू उपस्थित हुनु पर्नेछ ।
२) संस्थाको आर्थिक तथा वित्तीय विवरण सम्बन्धी जानकारीको लागि सदस्य महानुभावहरूलाई यसै पत्रसाथ आ.व.. २०८१/८२ को वार्षिक प्रतिवेदन उपलब्ध गराईएको छ ।
३) उक्त प्रतिवेदनमा उल्लेखित विवरण उपर कुनै प्रतिकृया, टिप्पणी तथा सुझाव भए साधारण सभामा उपस्थित हुँदाका वखत वा सो भन्दा अगावै लिखित रूपमा उपलब्ध गराई दिनु हुन अनुरोध गरिएको छ ।
४) सभामा भाग लिने सदस्य महानुभावहरूले सभा हुने स्थानमा रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नु पर्ने छ । हाजिरी पुस्तिका सभा चालु रहेसम्म खुला रहने छ ।
५) थप जानकारीको लागि कार्यालय समय भित्र संस्थाको कार्यालयमा सम्पर्क राख्न सकिने छ ।

क्र.सं.	साधारण सभाको कार्यक्रम
१	शेयरधनी सदस्य महानुभावहरूको आगमन तथा नाम दर्ता ।
२	संस्थाका पदाधिकारी लगायत सम्पूर्ण सदस्य तथा आमन्त्रितहरूबाट आशन ग्रहण ।
३	राष्ट्रिय गान ।
४	स्वागत मन्तव्य ।
५	संचालक समितिको तर्फबाट अध्यक्षद्वारा आ.व. २०८१/८२ को वार्षिक प्रतिवेदन प्रस्तुत गर्ने ।
६	आ.व. २०८१/८२ को हर हिसाव तथा आय व्यय विवरण प्रस्तुत गर्ने ।
७	आ.व. २०८२/८३ को लागि बजेट तथा कार्यक्रम प्रस्तुत गर्ने ।
८	आ.व. २०८२/८३ को लागि लेखापरीक्षकको नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने ।
९	लेखा सुपरिवेक्षण समितिबाट प्राप्त आ.व. २०८१।८२ को वार्षिक प्रतिवेदन प्रस्तुत गर्ने ।
१०	सदस्यहरूबाट मन्तव्य ।
११	सभापतिबाट धन्यवाद ज्ञापन ।
१२	दिवा भोज ।

सामाखुसी बहुउद्देश्यीय सहकारी संस्था लि. को

पच्चिसौं वार्षिक साधारण सभामा

संचालक समितिको तर्फबाट अध्यक्ष श्री जन्मेजय ढकालबाट प्रस्तुत प्रतिवेदन

१. आदरणीय सदस्य महानुभावहरूः

सामाखुसी बहुउद्देश्यीय सहकारी संस्था लि. को २५औं वार्षिक साधारण सभामा उपस्थित आदरणीय शेयर सदस्य महानुभावहरू एवं आमन्त्रित व्यक्तित्वहरूलाई सहकारीको यस गरिमामय २५औं वार्षिकसाधारण सभामा हाम्रो निमन्त्रणालाई स्वीकार गरी उपस्थित हुनु भएकोमा सर्वप्रथम यस संस्थाको सञ्चालक समिति र म आफ्नो तर्फवाट हार्दिक स्वागत तथा अभिवादन गर्दछु ।

विगत केही समय अगावै देखि मुलुकले भोगिरहेको आर्थिक संकुचन र सहकारी प्रतिको नकारात्मक धारणाका वीच संस्थाको वित्तीय गतिविधिलाई सावधानिपूर्वक संयमित ढंगले सुरक्षित र संतुलित राख्न निकै कठीनाई हुन पुग्यो । यसको वावजुद संस्थाले आर्थिक वर्ष २०८१/८२ को असार मसान्तसम्मको वासलात, नाफा/नोक्सान हिसाव, नगद प्रवाह विवरण र अन्य वित्तीय अवस्थाको संतुलित विवरण सहितको लेखापरीक्षकको प्रतिवेदन यथासमयमा सम्पन्न गरी आदरणीय शेयर सदस्य महानुभावहरू समक्ष पेश गर्न पाँउदा हामीलाई खुसी लागेको छ । यस संस्थाले गरेका उपलब्धीहरू, भावी योजना, संभावना र भविष्यमा आउन सक्ने विभिन्न किसिमका चुनौतहरू एवं लेखा सुपरिवेक्षण समितिबाट प्राप्त यस अवधिको निरीक्षण प्रतिवेदनहरूलाई समेत मध्यनजर राखी संचालक समितिको तर्फबाट यो प्रतिवेदन आदरणीय शेयर सदस्य महानुभावहरू समक्ष प्रस्तुत गरेको छु ।

शेयर सदस्य महानुभावहरू,

देशको समग्र आर्थिक गतिविधीमा देखिएको संकुचनमा अपेक्षित सुधार हुन नसकेको, ऋण तथा वचतको मुख्य कारोवार गर्ने सहकारी संस्था प्रति जनसाधारणमा परेको नकारात्मक धारणाले यस क्षेत्रमा देखिएको आर्थिक शिथिलता, ऋणीको खस्केको भुक्तानी क्षमता, व्यापारी एवं व्यवसायीहरूको गिरेको मनोवल, वस्तु तथा सेवाको मागमा आएको कमी आदि कारणले देखिएको आर्थिक संकुचन एवं विगतको तुलनामा धेरै कडा शर्त तथा बन्देज भित्र रहेर कर्जा लगानी गर्नुपर्ने वाध्यताले कर्जा प्रवाहमै कमी आएको छ । जसले गर्दा समग्र कर्जाको मागमा उल्लेख्य कमी आएको छ । हामीले यस संस्थाको वित्तीय स्वास्थलाई दृष्टिगत गरेर कर्जा मागको आधारमा मात्र वचत संकलनलाई प्राथमिकतामा राखेका छौं । संस्थामा रहेको विभिन्न वचतहरू मध्ये सहकारी ऐन, संस्थाको विनियम एवं संस्थाको वचत संकलन नीतिले व्यवस्था गरे बमोजिम नियमित (मासिक) वचतलाई विशेष प्राथमिकतामा राखी उक्त बचतलाई अनिवार्य बनाएका छौं । यस वचतको मुख्य उद्देश्य रकम संकलन गर्नु मात्र नभई सदस्यहरूलाई उच्च दरको व्याज प्रदान गर्ने नीति लिएका छौं । यसका साथै मुद्दति बचतलाई घटाउदै लगेका छौं । नियमित बचतका कारण संस्थामा सदस्यहरू निरन्तर सम्पर्कमा रही संस्थाको वित्तीय अवस्था वारे जानकारी लिने वानी बसाल्नु पनि रहेको छ ।

देशको खस्केको आर्थिक कृयाकलाप र समाजमा सहकारी प्रति गुमेको विश्वसनियताका वीच वचत संकलन गरी सो वचत रकमको मध्यस्थता गर्दै प्रवाह भएको कर्जा मध्ये केही सदस्यहरू वाहेक अधिकांशबाट यथासमयमै व्याज प्राप्त भएको र संस्थाबाट प्रभावकारी सेवा प्रदान गरिएको कुरा सदस्य महानुभावहरूलाई सहर्ष जानकारी गराउँदछु ।

यस अवस्थामा संस्थाको आर्थिक कृयाकलाप र कार्यप्रति सदासयता र मार्ग निर्देशनमा अभिरूची लिनु भई सञ्चालक समिति र व्यवस्थापनलाई सही दिशावोध गराउन सदस्य महानुभावहरूबाट निरन्तर सहयोग, सुभाव एवं मार्गदर्शन प्राप्त भएको छ । यसैका कारण संस्थाले समय परिस्थितिको सुक्ष्म तथा मिहिन ढंगले विश्लेषण गर्दै संस्थामा देखिएका चुनौतिहरूलाई सही ढंगले निराकरण र समाधान गर्न यहाँहरूबाट थप टेवा मिलेको कुरामा हामी ज्यादै सन्तुष्ट छौं । सीमित श्रोत र साधनबाट सदस्य महानुभावहरूलाई यथासंभव सहयोग पुऱ्याउनु हाम्रो मुख्य लक्ष हो । तथापी, संस्थाले गरेको आम्दानीबाट सहकारी ऐन, २०७४, सहकारी नियमावली, २०७५ तथा संस्थाको विनियमावली अनुसार सदस्यहरूको नियमित वचतमा उच्चदरले व्याज प्रदान गरी सदस्यहरूलाई सहयोग गर्ने प्रयासलाई निरन्तरता दिएका छौं । यो संस्था बहुउद्देश्यीय भएका कारण सदस्य महानुभावहरूलाई आर्थिक हिसावले मात्र सम्बृद्ध तुल्याउन नभई, सामाजिक एवं पारिवारिक निकटता कायम गराउँदै एकताबद्ध बनाउने हाम्रो प्रयत्न पनि जारी छ र आगामी दिनमा यसलाई अभ प्रभावकारी बनाउँदै लैजान अन्य कृयाकलाप संचालन गर्ने लक्ष्य समेत रहेको छ ।

यस वार्षिक प्रतिवेदनमा आर्थिक वर्ष २०८१/८२ मा भएको संस्थाको वित्तीय स्थितिको संक्षिप्त विवरण प्रस्तुत गरिएको छ । यस सभामा संस्थाको २०८२ आषाढ मसान्तको वासलात, नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण र तत् सम्बन्धि अनुसूचीहरू, लेखा समितिको प्रतिवेदन, अन्य आर्थिक गतिविधिहरू, लेखापरीक्षकले तयार गरेको वित्तीय विवरणहरू सहितको प्रतिवेदन प्रस्तुत गरिएको छ ।

२. वित्तीय उपलव्धीः

यस संस्थाको आर्थिक वर्ष २०७९/८०, २०८०/८१ र २०८१/८२ को तुलनात्मक आर्थिक परिसूचक तथा वित्तीय उपलव्धीहरूको भलक निम्नानुसार प्रस्तुत गरिएको छ ।

क्र.सं.	विवरण	आ.ब २०७९/८०	आ.ब २०८०/८१	आ.ब २०८१/८२
१	शेयर पूंजी	१,२९,८५,४००।००	१,२३,५८,४००।००	१,२६,३१,४००।००
२	जगेडा कोष	१५,४३,४०७।९०	१७,७५,८३६।९०	१८,३५,८३६।९०
३	अन्य कोषहरू	१८,९४,२१७।००	१२,२१,९९४।००	४,८०,४९०।००
४	वचत (निक्षेप)	१,७८,०२,६६०।६८	१,९०,८३,२७८।५२	१,८५,९२,९५७।५२
५	अन्य दायीत्व	२५,७७,२५९।७९	२५,६९,९११।९४	२३,३६,५६९।९४
६	कर्जाको लागी व्यवस्था	२६,९८,८२२।००	२६,९८,८२२।००	२६,९८,८२२।००
७	कर्जा लगानी	३,६०,३७,३८४।००	३,२५,२३,४९४।००	३,१८,८४,६७४।००
८	अन्य सम्पत्ति	३५,८०,७९४।०२	७३,५११।००	७३,३००।४९
९	कुल आम्दानी	५९,४९,७०९।७२	५५,४३,१४९।१३	४९,५८,३१६।५७
१०	कुल खर्च	४५,५८,०९१।८२	४५,१०,१३३।००	४९,३८,०९७।१९
११	नगद तथा बैंक मौज्दात	३४,६८,४११।९१	६९,३९,४०१।०१	५८,३३,४४१।९०
१२	प्रतिशेयर आम्दानी	४५।८२	४४।८५	३९।२५

क. शेयर पूँजी :

चालु बर्ष २ जनाले सदस्यता थप गरेको र एक जना शेयरधनीले रकम थप गरेको हुँदा चालू आर्थिक वर्ष पूँजीमा कुल रू. २ लाख ७३ हजारले बृद्धि भएको छ । साथै पूँजी थप गर्न चाहने सदस्यहरूलाई थप गर्न खुल्ला राखिएको कुरा जानकारी गराईएको छ ।

ख. बचत संकलनः

गत आ.व. को अन्त्यमा कूल वचत रकम रू. १ करोड ९० लाख ८३ हजार रहेकोमा यस आर्थिक वर्षमा रू. ४ लाख ९१ हजारले कमी हुन गई कूल रू. १ करोड ८५ लाख ९२ हजार कायम हुन पुगेको छ ।

ग. कर्जा लगानीः

गत आ.व.को अन्त्यसम्ममा यस संस्थाको रू. ३ करोड २५ लाख २३ हजार कर्जा लगानी रहेकोमा यस आ.व. मा करीव २ प्रतिशतले घट्न गई रू. ३ करोड १८ लाख ८४ हजार कर्जा लगानी रहेको छ ।

घ. व्याज आम्दानी तथा खर्चः

आय व्ययलाई प्रभाव पार्ने मुख्य शीर्षक व्याज हो । यस वर्ष संस्थाले रू. ३९ लाख ८८ हजार व्याज आम्दानी गरेको छ भने रू. १८ लाख ८८ हजार व्याज प्रदान गरेको छ । व्याजबाट मात्र खुद रू. २० लाख ९९ हजार आम्दानी भएको छ ।

ङ. आम्दानी तथा खर्चः

यस संस्थाले गत आ.व. २०८०।८१ मा कुल आम्दानी रू. ५५ लाख ४३ हजार गरेकोमा यस वर्ष करीव १०.५५ प्रतिशतले ह्रास भई रू. ४९ लाख ५८ हजार आम्दानी गरेको छ । गत वर्ष प्रति शेयर आम्दानी रू. ४४।८४ भएकोमा यस वर्ष रू. ३९।२५ भएको छ । त्यसै गरी खर्च तर्फ गत वर्ष रू. ४५ लाख १० हजार भएकोमा यस वर्ष करीव ८.६७ प्रतिशतले बृद्धि हुन गई रू. ४९ लाख ३८ हजार मात्र खर्च हुन गएको छ ।

संस्थाको संस्थागत सुशासनलाई उच्च प्राथमिकताका साथ निरन्तर रूपमा संस्थागत गर्न गराउनका लागि संचालक समिति पूर्ण प्रतिबद्ध छ । सहकारी संस्थाको सफलताका लागि सदस्य महानुभावहरूको आपसी सम्बन्ध, विश्वास, ईमान्दारीता, संस्थामा कार्यरत कर्मचारी, नियमन निकाय तथा अन्य सरोकारवालाहरूको सुमधुर सम्बन्ध र सहयोगले महत्वपूर्ण भूमिका खेल्दछ । यसर्थ, यस संस्थाको कार्य सञ्चालनको क्रममा हामीले हाम्रा सदस्यहरूबाट पाएको सहयोगबाट उत्तरदायीत्व बोध गरी प्रभावशाली नियन्त्रण प्रणाली कार्यान्वयन गर्दै चुस्त, सरल, स्पष्ट, पारदर्शी र उपलब्धीमूलक कार्य सम्पादन गरी आएका छौं । संस्थालाई जोखिमबाट सुरक्षित गराउन कर्जामा हुन सक्ने जोखिम, संचालनमा आउन सक्ने जोखिम, बजार तथा तरलता जोखिम र नियमको अनुपालन सम्बन्धि जोखिममा बिशेष ध्यान केन्द्रीत गरेका छौं । यसका लागि संस्थाको लेखा सुपरीवेक्षण समितिलाई चनाखो बनाई लेखापरीक्षण तथा अनुगमन गराउने गरेका छौ । यीनै जोखिमहरूलाई मध्यनजर गरी कारोवारका अभिलेखहरू पारदर्शी एवं यान्त्रिकीकरण गरिएको व्यहोरा सहर्ष जानकारी गराउँदछौं । यस सहकारी सस्थाले सहकारी विभागद्वारा जारी गरेको निर्देशनहरू पूर्णरूपमा परिपालना गरिएको छ । साथै, सहकारी ऐन, २०७४ तथा सहकारी नियमावली, २०७५ तथा सहकारी विभागद्वारा जारी निर्देशनको अधिनमा रही संस्थाको कार्य सञ्चालन गरिएको कुरा पनि जानकारी गराउन चाहन्छु ।

३. लेखा सुपरिवेक्षण समिति र आन्तरिक नियन्त्रण प्रणाली

संस्थाको लेखा सुपरिवेक्षण समितिले नियमित रूपमा निरीक्षण सहित संस्थाको काम कारवाहीको सुक्ष्म अनुगमन गरी संचालक समितिलाई जानकारी दिने गरेको छ । संस्थाको सम्पत्तिको सुरक्षा, प्रभावकारी वित्तीय संरचना, सम्पत्तिको गुणस्तर, लगानीमा प्रतिफल र लागत दर, तरलता तथा बृद्धिको संकेत (PEARLS) जस्ता सुचकाङ्कको अनुगमन प्रणालीको आधारमा संस्थाको आन्तरिक तथा बाह्य स्वतन्त्र लेखापरीक्षण गर्ने कार्य निरन्तर रूपमा भई रहेको छ । संस्थाको प्रमुख सम्पत्ति भनेको संस्थाद्वारा प्रवाहित कर्जा, नगद तथा कार्यालय उपकरणहरू हुन । संस्थाद्वारा प्रवाहित अधिकांश कर्जा धितो सुरक्षण लिई व्यक्तिगत जमानतका आधारमा प्रवाह गरिएको छ । साथै,

असल कर्जाको १ प्रतिशत र भाखा नाघेको कर्जाको तोकिएको प्रतिशतमा रकमको व्यवस्था गरिएकोले कर्जा पूर्ण सुरक्षित रहेको कुरा सदस्य महानुभावहरूलाई अवगत गराउन चाहान्छौं । त्यसैगरी संस्थासंग रहेको नगद "क" श्रेणीको दुईवटा वाणिज्य बैंक र "क" श्रेणीकै राष्ट्रिय सहकारी बैंकहरूमा रहेकोले पूर्ण सुरक्षित भएको कुरा अवगत गराउंदछौ । यस सहकारी संस्थालाई उदाहरणीय संस्था वनाउने कार्यका लागि साधन श्रोत, ज्ञान, शीप, क्षमता र इमान्दारिता नै प्रमुख उपकरणहरू हुन भन्ने अठोट हामीमा रहेको छ । साथै, यस संस्थालाई दीगो र प्रतिस्पर्धी वनाउने, समस्याको पहिचान गरी समाधान गर्ने एवं कारोवारको गुणस्तर वृद्धि गरी थप सेवा प्रदान गर्ने, सदस्यहरूको संस्था प्रतिको विश्वासलाई उर्जा प्रदान गरी संस्थाको मर्म, मूल्य, मान्यता, सिद्धान्त र व्यवहारलाई अंगिकार गर्दै सुरक्षित कारोवार अगाडि वढाउने कुरामा हामी प्रयासरत छौं । साथै, उक्त कारोवार गर्दा सहकारी विभागद्वारा जारी सम्पत्ति शुद्धिकरण निवारण सम्बन्धि निर्देशिका, २०७४ लाई ध्यान दिई कारोवार गरिएको छ ।

४. जोखिम व्यवस्थापन

संस्थाको संचालन क्रममा आउन सक्ने संचालन जोखिम, कर्जा जोखिम, बजार तथा तरलता जोखिम, नियमको अनुपालना लगायत विभिन्न जोखिमहरूलाई ध्यानमा राखी त्यस्ता जोखिमहरूबाट संस्था सुरक्षित होस् भन्ने उद्देश्यले संचालक समिति चनाखो रहि आएको छ । संस्थाबाट प्रवाहित कर्जालाई सुरक्षित गर्न भाखा नाघे पछि खराव कर्जामा गणना गर्ने गरिएको छ ।

५. सञ्चालक समिति र कर्मचारी व्यवस्थापन

विगतको साधारण सभाले पारित गरे अनुसार संचालक समिति तथा लेखा समितिका सदस्यहरूलाई प्रति बैठक भत्ता रू १,५००/- (कर समेत) का दरले प्रदान गर्ने गरिएको छ । संस्थामा व्यवस्थापक समेत तीनजना कर्मचारीहरू कार्यरत रहेका छन । गत साधारण सभाले पारित गरे अनुसार व्यवस्थापकलाई तोकिएको तलव एवं अन्य कर्मचारीहरूलाई मासिक तलव एवं वजार प्रतिनिधिको रूपमा कार्य गर्दा उनिहरूले उठाएको दैनिक बचत, दैनिक कर्जा र दैनिक कर्जाको ब्याजको कुल रकमको ०.७५% ले गणना गरी सो प्रतिफललाई तलवमा थप गरी प्रदान गरिएको छ ।

६. संस्थाको भावी कार्यक्रम तथा बजेट

विगतमा लिईएको कतिपय लक्ष्यहरू यथासमयमा पुरा गरिएको र कतिपय पुरा गर्न विविध कारणले नसकिए तापनि आ.व. २०८२/८३ मा यस संस्थाले सदस्यहरूको हितलाई ध्यानमा राखी देहाय अनुसारको नीतिगत व्यवस्था अवलम्बन गरिने कुरा जानकारी गराउछौं ।

(क) यस संस्थाको उद्देश्य बहुउद्देश्यीय भएकोले उद्देश्य अनुरूप थप कार्य गर्नु पर्ने विद्यमान कानूनी व्यवस्था भएकोले विनियम अनुसारको थप सम्भाव्य कार्यका लागि प्रयत्न गरिने छ ।

(ख) बचत संकलन कार्यलाई प्राथमिकता दिई संस्थाले संचालन गरेको विभिन्न बचत खाताहरूमा प्रभावकारी रूपमा बचत संकलन कार्य गरिने छ । सहकारी ऐन, प्रदेश नियमावली एवं संस्थाको विनियमले नियमित (मासिक) वचतलाई महत्व दिई उक्त वचत नियमित नगर्ने सदस्यलाई निष्कृय सदस्यको रूपमा लिनुपर्ने व्यवस्था भएको कुरा सम्पूर्ण सदस्यहरूलाई जानकारी गराई सकिएको छ । उक्त बचतलाई आकर्षित गर्न उच्चतम व्याज प्रदान गरी प्रभावकारी बनाईने छ ।

(ग) लगानीमा रहेको कर्जा रकम असुल गर्ने सम्बन्धमा र नयाँ कर्जा प्रवाह गर्दा लिनु पर्ने धितोको सम्बन्धमा विशेष ध्यान दिइ यथेष्ट धितो लिएर मात्र कर्जा प्रवाह गर्ने नीति अबलम्बन गरिनेछ । भाका नाघेको कर्जा असुलीका लागि बिशेष ध्यान दिईने छ र असुल हुन नसके कानुनी प्रकृया अवलम्बन गरिने छ ।

(घ) संस्थाको दैनिक कार्यलाई प्रभावकारी रूपमा सम्पन्न गर्न कर्मचारी तथा अन्य पूर्वाधारहरूको उचित व्यवस्था गरिनेछ र वचत संकलन, वचत फिर्ता, कर्जा प्रवाह, व्याज असुली तथा धितो सुरक्षण जस्ता कामहरूमा कर्मचारीहरूलाई दक्षताका साथ परिचालन गरिनेछ । साथै संस्थाले प्रवाह गर्ने कर्जा तर्फ यथेष्ट सुरक्षण लिई मासिक कर्जामा जोड दिईने छ ।

(ङ) संस्थाले सहकारीको नियमन निकाय, प्राधिकरण आदिसँग सम्पर्क गरी संस्थाको प्रगतिका लागि आवश्यक कदम चालिनेछ ।

(च) संस्थाका सदस्यहरूलाई दिने सेवा सुविधा सहकारी ऐन, २०७४ तथा सहकारी नियमावली, २०७५ मा भए वमोजिम गरिने छ ।

(छ) सदस्य महानुभावहरूको राय सुझाव एवं सहयोगको आधारमा सामाजिक उत्तरदायित्व सहितको कार्यक्रम संचालन गरिने छ ।

७. कृतज्ञता ज्ञापन

यस संस्थालाई सफलताको यस विन्दुसम्म पुऱ्याउन अमूल्य सहयोग, सुझाव तथा मार्गदर्शन प्रदान गर्नु भई प्रत्यक्ष वा अप्रत्यक्ष सहयोग पुऱ्याउनु हुने शेयरधनी सदस्य महानुभावहरू, नियमन निकाय, सहकारी विभाग, प्रदेश सरकारको सम्बन्धित मन्त्रालय, लेखा समिति एवं लेखापरीक्षक प्रति सञ्चालक समिति र संस्था परिवारको तर्फबाट हार्दिक आभार प्रकट गर्दछौं । यस संस्था प्रति आफ्नो अटुट समर्थन, हौसला तथा सहयोग गर्नुहुने सम्पूर्ण सदस्य महानुभावहरू तथा शुभचिन्तकहरू प्रति पनि कृतज्ञता ज्ञापन गर्दछौं । आजको यस साधारण सभामा उपस्थित भई थप सुझाव र सल्लाहको अपेक्षा राख्दै संस्थाको तर्फबाट सम्पूर्ण शेयर सदस्य महानुभावहरूलाई हार्दिक आभार व्यक्त गर्दछु ।

अन्तमा सहकारीको सफलताका लागि लगनशील भई कडा मेहनत र परिश्रम गर्न सदा प्रयत्नशील रहने संस्थाको व्यवस्थापक र कर्तव्यनिष्ठ कर्मचारीहरूलाई विशेष धन्यवाद दिन चाहन्छु ।

धन्यवाद !

Nawaraj Neupane & Associates
Registered Auditors
Registration No.: 4089/071

नवराज न्यौपाने एण्ड एसोसिएट्स
रजिस्टर्ड अडिटर्स
दर्ता नं. ४०८९/०७१

Nawaraj Neupane & Associates Kapan Nepal Regd. Auditors

सामाखुसी बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडका शेयरधनी सदस्यज्युहरु
समक्ष
स्वतन्त्र लेखापरीक्षकको प्रतिवेदन २०८२

मैले त्यस सहकारीको २०८२ असाढ मसान्तको संलग्न वासलात, सोही मितिमा समाप्त आ.व.२०८१।८२ को नाफा नोक्सान हिसाव र सोही आ.व्.को नगद प्रवाह बिबणको लेखापरीक्षण गरेको छु । बित्तीय बिबरणहरु प्रतिको उत्तरदायित्व व्यवस्थापनमा रहने छ । व्यवस्थापनले तयार गरि लेखापरीक्षणकालागी प्रस्तुत हुन आएका संलग्न बित्तिय बिबरणउपरको लेखापरीक्षणका आधारमा आफ्नो राय प्रस्तुत गर्नु मेरो उत्तरदाईत्व हुनेछ ।

लेखापरीक्षणको मान्य सिद्धान्त, स्थापित परंपरा, प्रचलित कानुन तथा नेपालको लेखामान समेतलाई ध्यानमा राखी लेखापरीक्षण कार्य सम्पन्न गरेको छु । वित्तिय बिबरणहरु सारभुत रुपमा गलत आकडा रहित छन् भन्नेकुरामा विश्वस्त हुनकालागी लेखापरीक्षण योजना सहित लेखापरिक्षण कार्य सम्पन्न गनुपर्ने हुन्छ । बित्तिय बिबरणमा खुलाईएका रकमहरुलाई पुष्टिगर्ने प्रमानणका लागी छड्के जाच समेत लेखापरीक्षण कार्य भित्र समावेस गरिएका हुन्छन् । संस्थाले अवलम्वन गरेका वित्तीय विवरणहरू NFRS for SMEs अन्तर्गत पहिलो वित्तीय लेखा सिद्धान्त, व्यवस्थापनले गरेका महत्वपुर्ण अनुमानहरुका साथै बित्तिय बिबरण प्रस्तुतिको समग्र मुल्याङकन समेत लेखापरीक्षणको कार्य भित्र समावेश हुन्छ । मेरो लेखापरीक्षणले मेरो रायलाई पर्याप्त आधार प्रदान गरेको छ भन्ने कुरामा म बिश्वस्त छु ।

मेरो लेखापरीक्षणको क्रममा प्राप्त प्रमाणका साथै ब्यवस्थापनवाट प्राप्त जानकारी तथा स्पस्टिकरणका आधारमा निम्न बमोजिम प्रतिवेदन पेश गरेको छु ।

- लेखापरीक्षणको क्रममा संचालक समिति, लेखा समिति, तथा कर्मचारीहरुवाट लगातार सहयोग पाईयो ।
- लेखापरीक्षणको क्रममा आवश्यकता महसुस भई मिति २०८५।०४।१३ मा दिईएको प्रारम्भिक प्रतिवेदनको प्रतिउत्तर मिति २०८२।०५।१० मा प्राप्त जवाफ सन्तोष जनक रहेकोहुदा यो अन्तिम प्रतिवेदन दिईएको छ
- संलग्न अनुसुचि १ देखी १६ सम्मका साथै लेखासंम्वन्धी केही महत्वपुर्ण निति तथा टिप्पणीहरु प्रस्तुत बित्तिय बिबरणका अभिन्न अंगका रुपमा लिइएको छ ।
- संस्थाको आफ्नो गतिबिधिलाई स्विकृत बिनियमको अधिनमा रही निर्देशित गरेको देखिन्छ ।
- बर्षिक वजेट तथा कार्ययोजना निर्माण गरी कार्यन्वयन गरेको पाईयो ।
- मेरो लेखापरीक्षणको सिलसिलामा प्राप्त प्रमाण तथा ब्यवस्थापनवाट प्राप्त स्पस्टिकरणका आधारमा संस्थाका संचालक तथा कर्मचारीहरुवाट बद्नियतपुर्वक संस्थाको नगद तथा जिन्सी सम्पत्ती हिनामिना तथा दुरुपयोग भएको देखिएन ।
- अन्तमा लेखापरीक्षण कार्यमा सहयोग पुर्याउनुहुने सम्पुर्ण कर्मचारीहरुमा धन्यवाद तथा संस्थाको उत्तरउत्तर प्रगतीको कामना गर्दछु ।

(नवराज प्रसाद उपाध्याय न्यौपाने)
रजिष्टर्ड अडिटर
२०८२।०५।१६

पान नं.३०२८१३७२८
UDIN : 250903RA001106JJyC

सामाखुसी बहुउद्देश्यीय सहकारी संस्था लि.

सामाखुसी, काठमाडौं-२६

वित्तीय स्थिति विवरण

२०८२ साल आषाढ मसान्त

इक्वीटी तथा दायित्व	अनुसूचि	यस वर्षको	गत वर्षको
शेयर पूंजी	२	१२,६३१,४००.००	१२,३५८,४००.००
साधारण जगेडा कोष .	३	१,८३५,८३६.९०	१,७७५,८३६.९०
अन्य कोषहरू	४	४८०,४९०.००	१,२२१,९९४.००
बचत/निक्षेप	५	१८,५९२,९५७.५२	१९,०८३,२७८.५२
ऋण नोक्सानी कोष व्यवस्था	६	२,६९८,८२२.००	२,६९८,८२२.००
अन्य दायित्व तथा व्यवस्था	७	२,३३६,५६९.९४	२,५६९,९११.९४
बाँडफाँड पछिको वाँकी नाफा		४०,११४.०३	१९,८९४.६५
कूल जम्मा		३८,६१६,१९०.३९	३९,७२८,१३८.०१
सम्पत्ति तथा जायजेथा	**अनुसूचि**	**यस वर्षको**	**गत वर्षको**
स्थिर सम्पत्ति	१	१९०,२२४.००	१०२,७३२.००
लगानी हिसाब	८	६३४,५५०.००	८९,०००.००
नगद तथा बैंक मौज्दात	९	५,८३३,४४१.९०	६,९३९,४०१.०१
कर्जा तथा ऋण लगानी	१०	३१,८८४,६७४.००	३२,५२३,४९४.००
धरौटी तथा अन्य चालु सम्पति	११	७३,३००.४९	७३,५११.००
कूल जम्मा		३८,६१६,१९०.३९	३९,७२८,१३८.०१

उल्लेखित अनुसूचिहरू वित्तिय विवरणका अभिन्न अङ्ग हुन् ।

(जन्मेजय ढकाल)
अध्यक्ष

(बिष्णु प्रसाद लोहनी)
उपाध्यक्ष

(रमेशनाथ रेग्मी)
सचिव

(श्रीप्रसाद न्यौपाने)
कोषाध्यक्ष

(माधव प्रसाद गडतौला)
सदस्य

(बलराम श्रेष्ठ)
सदस्य

(सरस्वती अधिकारी)
सदस्य

(श्याम सुन्दर श्रेष्ठ)
व्यवस्थापक

(नवराज प्रसाद उपाध्याय न्यौपाने)
रजिष्टर्ड लेखापरिक्षक
(नवराज न्यौपाने एण्ड एसोसियट्स)

सामाखुसी बहुउद्देश्यीय सहकारी संस्था लि.

सामाखुसी, काठमाडौं-२६

आय व्यय विवरण

२०८१ साल श्रावण १ गते देखि २०८२ साल आषाढ मसान्तसम्मको

विवरण	अनुसूचि	यस वर्षको	गत वर्षको
ब्याज आम्दानी	१२	३,८८०,८३९.००	४,९१६,०५२.००
बचतमा ब्याज खर्च	१३	१,८८८,३५०.००	१,४११,५६८.००
खुद ब्याज आम्दानी		१,९९२,४८९.००	३,५०४,४८४.००
अन्य आम्दानी	१४	१,०७७,४७७.५७	६२७,०९७.१३
कुल संचालन आम्दानी		३,०६९,९६६.५७	४,१३१,५८१.१३
कर्मचारी खर्च	१५	१,०००,७३३.००	१,००८,१७३.००
प्रशासनिक तथा अन्य खर्च	१६	२,०३०,५०६.१९	२,०७१,८८४.५५
ह्रास कट्टी अघिको संचालन मुनाफा		३८,७२७.३८	१,०५१,५२३.५८
ह्रास कट्टी	१	१८,५०८.००	१८,५०८.००
ऋण नोक्सानी कोष व्यवस्था अघिको संचालन मुनाफा		२०,२१९.३८	१,०३३,०१५.५८
ऋण नोक्सानी कोष व्यवस्था		-	
संचालन मुनाफा		२०,२१९.३८	१,०३३,०१५.५८
बोनस व्यवस्था		-	
आयकर व्यवस्था अघिको मुनाफा		२०,२१९.३८	१,०३३,०१५.५८
आयकर व्यवस्था		२,०२१.९४	१०३,३०१.५६
खुद मुनाफा		१८,१९७.४४	९२९,७१४.०२

उल्लेखित अनुसूचिहरू वित्तिय विवरणका अभिन्न अङ्ग हुन् ।

(जन्मेजय ढकाल)
अध्यक्ष

(बिष्णु प्रसाद लोहनी)
उपाध्यक्ष

(रमेशनाथ रेग्मी)
सचिव

(श्रीप्रसाद न्यौपाने)
कोषाध्यक्ष

(माधव प्रसाद गडतौला)
सदस्य

(बलराम श्रेष्ठ)
सदस्य

(सरस्वती अधिकारी)
सदस्य

(श्याम सुन्दर श्रेष्ठ)
व्यवस्थापक

(नवराज प्रसाद उपाध्याय न्यौपाने)
रजिष्टर्ड लेखापरिक्षक
(नवराज न्यौपाने एण्ड एसोसियट्स)

सामाखुसी बहुउद्देश्यीय सहकारी संस्था लि.

सामाखुसी, काठमाडौं-२६

नगद प्रवाह विवरण

२०८१ साल श्रावण १ गते देखि २०८२ साल आषाढ मसान्त

क्र.स.	विवरण	यस वर्षको	गत वर्षको
क	**कारोवार संचालनबाट नगद प्रवाह**		
	आयकर व्यवस्था पछिको खुद नाफा	१८,१९७.४४	९२९,७१४.०२
	ह्रास कट्टी	१८,५०८.००	१८,५०८.००
		३६,७०५.४४	**९४८,२२२.०२**
	समायोजन :		
	कर्जा तथा ऋण (वृद्धि) कमि	६३८,८२०.००	३,५१३,८९०.००
	धरौटी तथा अन्य चालु सम्पति (वृद्धि) कमि	२१०.५१	३८,८७१.११
	निक्षेप हिसाब वृद्धि (कमि)	(४९०,३२१।००)	१,२८०,६१७.८४
	ऋण नोक्सानी कोष व्यवस्था वृद्धि (कमि)	-	
	अन्य दायित्व तथा व्यवस्था वृद्धि (कमि)	(२१३,१२२।६२)	(२७९,४०३।८५)
	कारोवार संचालनबाट नगद प्रवाह (क)	**(२७,७०७।६७)**	**५,५०२,१९७.१२**
ख	**लगानी गतिविधिबाट नगद प्रवाह**		
	लगानीमा कमी (वृद्धि)	(५४५,५५०।००)	
	स्थीर सम्पत्तिमा वृद्धि (खरिद)	(१०६,०००।००)	(३४,७००।००)
	लगानी गतिविधिबाट खुद नगद प्रवाह (ख)	**(६५१,५५०।००)**	**(३४,७००।००)**
ग	**वित्तिय गतिविधिबाट नगद प्रवाह**		
	शेयर पूँजीमा वृद्धि	२७३,०००.००	(६,२७,०००।००)
	कोषहरूको समायोजन	(६९९,७०१।४४)	(१३,६९,५०८।०२)
	वित्तिय गतिविधिबाट खुद नगद प्रवाह (ग)	**(४२६,७०१।४४)**	**(१९,९६,५०८।०२)**
	यस आ. व. को खुद नगद प्रवाह (क+ख+ग)	**(१,१०५,९५९।११)**	**३,४७०,९८९.१०**
	यस आ.व.को शुरूमा नगद तथा बैंक मौज्दात	**६,९३९,४०१.०१**	**३,४६८,४११.९१**
	यस आ.व.को अन्तिममा नगद तथा बैंक मौज्दात	**५,८३३,४४१.९०**	**६,९३९,४०१.०१**

उल्लेखित अनुसूचिहरू वित्तिय विवरणका अभिन्न अङ्ग हुन् ।

(जन्मेजय ढकाल) अध्यक्ष	(बिष्णु प्रसाद लोहनी) उपाध्यक्ष	(रमेशनाथ रेग्मी) सचिव	(श्रीप्रसाद न्यौपाने) कोषाध्यक्ष

(माधव प्रसाद गडतौला) सदस्य	(बलराम श्रेष्ठ) सदस्य	(सरस्वती अधिकारी) सदस्य	(श्याम सुन्दर श्रेष्ठ) व्यवस्थापक	(नवराज प्रसाद उपाध्याय न्यौपाने) रजिष्टर्ड लेखापरिक्षक (नवराज न्यौपाने एण्ड एसोसियट्स)

सामाखुसी बहुउद्देश्यीय सहकारी संस्था लि.

सामाखुसी, काठमाडौं-२६

स्थिर सम्पतीको विवरण

२०८२ साल आषाढ ३१ गते सम्मे

अनुसूचि १

सम्पत्तिको विवरण	ह्रास दर	शूरू मूल्य	यस वर्षको थप			अन्य	ह्रास योग्य सम्पत्ति	ह्रास खर्च	बांकी मूल्य
			पौषमसान्त सम्म	चैत्र मसान्त सम्म	आषाढ मसान्त सम्म				
जग्गा			–	–	–	–	–	–	–
फर्निचर		१०२,७३२.००	–	१०६,०००.००		–	१७३,३९८.६७	१८,५०८.००	१९०,२२४.००
सि.सि क्यामारा			–	–	–	–	–	–	–
कम्प्यूटर र प्रिन्टर			–	–	–	–	–	–	–
काउन्टर, टेबूल र दराज			–	–		–	–	–	–
अन्य अफिस सामग्री			–	–	–	–	–	–	–
सेफ			–	–	–	–	–	–	–
सफ्टवेयर			–	–	–	–	–	–	–
कूल जम्मा		१०२,७३२.००	–	१०६,०००.००	–	–	१७३,३९८.६७	१८,५०८.००	१९०,२२४.००

सामाखुसी बहुउद्देश्यीय सहकारी संस्था लि.

सामाखुसी, काठमाडौं-२६

२०८१ साल श्रावण १ गते देखि २०८२ साल आषाढ मसान्त सम्मको

शेयर पुँजी

अनुसुचि २

विवरण	यस वर्षको	गत वर्षको
शेयर पूँजी	१२,६३१,४००.००	१२,३५८,४००.००
जम्मा	१२,६३१,४००.००	१२,३५८,४००.००

साधारण जगेडा कोष

अनुसुचि ३

विवरण	यस वर्षको	गत वर्षको
साधारण जगेडा कोष	१,८३५,८३६.९०	१,७७५,८३६.९०
जम्मा	१,८३५,८३६.९०	१,७७५,८३६.९०

अन्य कोषहरू

अनुसूची ४

विवरण	यस वर्षको	गत वर्षको
शेयर लाभांस कोष		७४१,५०४.००
संरक्षित पूँजी फिर्ता कोष	१७४,३५०.००	१७४,३५०.००
सहकारी शिक्षा कोष	३४,६५९.००	३४,६५९.००
सहकारी संस्था स्थिरीकरण कोष		
कर्मचारी बोनस कोष		
सहकारी विकास कोष		
सहकारी प्रर्वद्धन कोष	९५,९८४.००	९५,९८४.००
घाटा पूर्ति कोष	१७५,४९७.००	१७५,४९७.००
सामुदायिक बिकास कोष		
अन्य		
जोखिम व्यवस्थापन कोष		
जम्मा	४८०,४९०.००	१,२२१,९९४.००

बचत/निक्षेप

अनुसूची ५

विवरण	यस वर्षको	गत वर्षको
दैनिक वचत	२,८७५,८३९.०९	२,३८५,७१०.०९
नियमित बचत	१२,०६०,४९०.३९	११,३९३,५३०.३९

बिशेष वचत	५९८,२५५.२०	६७४,८९४.२०
पेवा वचत	१९६,३९४.८४	१९९,६६२.८४
मुद्दति वचत	२,८२१,३१८.००	४,२७४,३२०.००
कमचारी वचत	४०,६६०.००	१३८,३०५.००
भुक्तानी वाँकी मुद्दती		१६,८५६.००
जम्मा	१८,५९२,९५७.५२	१९,०८३,२७८.५२

ऋण नोक्सानी कोष व्यवस्था

अनुसूची ६

विवरण	यस वर्षको	गत वर्षको
गत वर्षको ऋण नोक्सानी कोष व्यवस्था	२,६९८,८२२.००	२,६९८,८२२.००
यस वर्षको खर्च		
जम्मा	२,६९८,८२२.००	२,६९८,८२२.००

अन्य दायित्व तथा व्यवस्था

अनुसूची ७

विवरण	यस वर्षको	गत वर्षको
भुक्तानी दिन बांकी रकम	८४१,५४४.००	७२९,२६७.००
शेयर धरौटी	६७८,१२५.००	८१४,७८५.००
सण्ड्री क्रेडिटर्स	७८७,४३४.००	८९५,६५३.००
कर हिसाव		
बैठकभत्ता कर	६७५.००	१,८९०.००
ब्याज कर	२२,२८३.००	२२,६२३.००
घरभाडा कर		
पारिश्रमिक कर	२,४८३.००	२,३९२.००
आय कर	२,०२१.९४	
अन्य कर	२,००४.००	१०३,३०१.९४
जम्मा	२,३३६,५६९.९४	२,५६९,९११.९४

लगानी हिसाब

अनुसूची ८

विवरण	यस वर्षको	गत वर्षको
राष्ट्रिय सहकारी बैंक	१०,०००.००	१०,०००.००
जिल्ला सहकारी संघ	५,०००.००	५,०००.००
एन आई सि (बैंक अफ एशिया)	५६६,८००.००	६१,०००.००
रिडि हाईड्रो पावर लि.	५२,७५०.००	१३,०००.००
जम्मा	६३४,५५०.००	८९,०००.००

नगद तथा बैंक मौज्दात

अनुसूची ९

विवरण	यस वर्षको	गत वर्षको
नगद मौज्दात	५९,७७३.००	९१,५३५.००
बैंक मौज्दात		
ग्लोबल आइ.एम.ई. बैंक लि.	१,१२१,१८४.३६	१,६२३,१७०.३३
एन.आई.सी.एशिया बैंक लि.	१२२,५१८.८४	१२२,६४०.८०
राष्ट्रिय सहकारी बैंक	४,५२९,९६५.७०	५,१०२,०५४.८८
जम्मा	५,८३३,४४१.९०	६,९३९,४०१.०१

कर्जा तथा ऋण लगानी

अनुसूची १०

विवरण	यस वर्षको	गत वर्षको
मासिक कर्जा	२९,१०६,८१८.००	२९,४९९,३८८.००
दैनिक कर्जा	२,७७७,८५६.००	३,०२४,१०६.००
जम्मा	३१,८८४,६७४.००	३२,५२३,४९४.००

धरौटी तथा अन्य चालु सम्पत्ति

अनुसूची ११

विवरण	यस वर्षको	गत वर्षको
अग्रीम कर	१८,०४७.७२	१८,२५८.२३
२०७५/७६ को बांकी	५०,९१२.७७	५०,९१२.७७
टेलिफोन धरौटी	१,०००.००	१,०००.००
स.डे.हि	३,३४०.००	३,३४०.००
जम्मा	७३,३००.४९	७३,५११.००

ब्याज आम्दानी

अनुसूची १२

विवरण	यस वर्षको	गत वर्षको
ऋण लगानीबाट ब्याज आम्दानी मासिक	३,४६७,२३९.००	४,२५४,८७३.००
ऋण लगानीबाट ब्याज आम्दानी दैनिक	४१३,६००.००	६६१,१७९.००
जम्मा	३,८८०,८३९.००	४,९१६,०५२.००

ब्याज खर्च

अनुसूची १३

विवरण	यस वर्षको	गत वर्षको
बचतमा ब्याज खर्च	१,८८८,३५०.००	१,४११,५६८.००
जम्मा	१,८८८,३५०.००	१,४११,५६८.००

अन्य आम्दानी

अनुसूची १४

विवरण	यस वर्षको	गत वर्षको
प्रशासनिक शूल्क	४०३,५९०.००	४६२,५०६.००
ब्याज आम्दानी बैक	१०६,८३८.५७	१२१,७२१.१३
बिबिध आम्दानी	५६७,०४९.००	४२,८७०.००
जम्मा	१,०७७,४७७.५७	६२७,०९७.१३

कर्मचारी खर्च

अनुसूची १५

विवरण	यस वर्षको	गत वर्षको
तलब खर्च	९८५,७३३.००	९९३,१७३.००
दशैं/विविध भत्ता	१५,०००.००	१५,०००.००
जम्मा	१,०००,७३३.००	१,००८,१७३.००

प्रशासनिक तथा अन्य खर्च

अनुसूची १६

विवरण	यस वर्षको	गत वर्षको
व्यवसाय प्रबर्धन	१३०,०००.००	१२४,०००.००
स्थलगत निरीक्षण	१९५,०००.००	१७८,०००.००
अभ्यागत	१९५,०००.००	१७८,०००.००
घर भाडा	१८६,०००.००	१८६,०००.००
यातायात	१२६,३१४.००	२४७,१६८.००
स्टेशनरी तथा छपाई	३२,७७०.००	३९,१६०.००
फुटकर	४०,७०४.१९	४९,४७०.५५
साधारण सभा	११५,९१६.००	१२०,१६०.००
टेलिफोन	१४,५००.००	१३,०००.००
बैठक भत्ता	८९,७००.००	८८,२००.००
पानी बत्ती	५,५७२.००	४,८१६.००
स्वास्थ	३७८,९४२.००	२४७,१६८.००
शिक्षा	२५२,६२८.००	३७०,७५२.००
लेखापरीक्षण शुल्क	२५,०००.००	२५,०००.००
कर्मचारी खाजा तथा यातायात खर्च	१६५,०००.००	१६५,०००.००
कर्मचारी संचय खर्च	१०,०००.००	१०,०००.००
सफ्टवेयर मर्मत खर्च	२८,०२४.००	२५,९९०.००
कर खर्च	३९,४३६.००	
जम्मा	२,०३०,५०६.१९	२,०७१,८८४.५५

सामाखुसी बहुउद्देश्यीय सहकारी संस्था लि.

सामाखुसी, काठमाडौं-२६

इक्वीटीमा भएको परिवर्तन सम्बन्धी विवरण

२०८१ साल श्रावण १ गते देखि २०८२ साल आषाढ मसान्त सम्मको

	शेयर पूँजी	साधारण जगेडा कोष	शेयर लाभांस कोष	संरक्षित पूँजी फिर्ता कोष	कर्मचारी बोनस कोष	सहकारी शिक्षा कोष	सहकारी संस्था स्थिरीकरण कोष	सहकारी विकास कोष	सहकारी प्रर्वद्धन कोष	घाटा पूर्ति कोष	सामुदायिक बिकास कोष	जोखिम व्यवस्थापन कोष	जम्मा
स्थिर सम्पतीको विवरण	१२,३५८,४००	१,७७५,८३७		१७४,३५०	–	३४,६५९	–	–	९५,९८४	१७५,४९७	–	–	१४,६१४,७२७
शेयर पूजी निष्कासन (खुद)	२७३,०००	६०,०००											३३३,०००
समायोजन / स्थानान्तरण													
मौज्दात आषाढ	१२,६३१,४००	१,८३५,८३७	–	१७४,३५०	–	३४,६५९	–	–	९५,९८४	१७५,४९७	–	–	१४,९४७,७२७

कर्जाको लागि व्यवस्था

२०८२ साल असार मसान्त

क्र.सं.	कर्जाको किसिम	असल कर्जा	भाखा नाघेको	जम्मा कर्जा	असल कर्जाको व्यवस्था	भाखा नाघेको कर्जाको व्यवस्था	जम्मा व्यवस्था
१	कर्जा दैनिक	१,२४५,३३५.००	१,५३२,६२१.००	२,७७७,९५६.००	१२,४५३.००	१,०३२,४५०.००	१,०४४,९०३.००
२	कर्जा मासिक	२७,००३,८४५.००	२,१०२,९७३.००	२९,१०६,८१८.००	२७०,०३८.००	१,३८३,८८१.००	१,६५३,९१९.००
	जम्मा	२८,२४९,१८०.००	३,६३५,५९४.००	३१,८८४,७७४.००	२८२,४९१.००	२,४१६,३३१.००	२,६९८,८२२.००

सामाखुसी बहुउद्देश्यीय सहकारी संस्था लि.

सामाखुसी, काठमाडौं-२६

आ.व. २०८१/८२ को
लेखा सुपरिवेक्षण समितिको वार्षिक प्रतिवेदन

यस संस्थाको २०८१ श्राबण १ गते देखि २०८२ असार मसान्तसम्मको हर हिसाव, व्यवस्थापन विधि र सोको कार्यान्वयन अवस्था समेतको लेखापरीक्षण गरी लेखापरीक्षण समितिद्वारा पेश भएको प्रतिबेदनमा उल्लेख भए अनुसार नीति नियमको कार्यान्वयनको अवस्था तथा प्राप्त सुझावहरूको संक्षिप्त विवरण पेश गरेका छौं ।

१. साधारण सभाबाट भएका निर्णयहरूको कार्यान्वयन अबस्थाः

संस्थाले बार्षिक साधारण सभा तोकिएको समय भित्र नै सम्पन्न गरेको पाईयो । साधारण सभामा बार्षिक कार्यक्रम तथा हिसाब किताब स्वीकृत गर्ने, लेखापरीक्षक नियुक्त गरी निजको पारिश्रमिक तोक्ने, आगामी बर्षको बजेट तथा कार्यक्रम पारित गर्नाको साथै सञ्चालक समिति, व्यवस्थापन समुह एवं कर्मचारीहरूबाट यस अवधीमा भएका काम कारवाही, वचत संकलन, कर्जा प्रवाह आदि जस्ता संस्थागत सम्पूर्ण कामको समर्थन/अनुमोदन समेत गरेको पाईयो ।

२. संचालक समितिको बैठक, निर्णय तथा कार्यान्वयनः

मिति २०८१ साउन १ देखि २०८२ असार मसान्त भित्र सञ्चालक समितिको जम्मा ७ वटा बैठक बसेको पाईयो । समितिको बैठकको छलफलको विषयहरूमा मुख्यतः कर्जा स्वीकृत गर्ने, साधारण सभा संचालन गर्ने र उक्त सभामा पेश गर्नुपर्ने बिषयहरू सम्बन्धमा, बजेट तथा कार्यक्रम तयार गर्ने सम्बन्धमा, संस्थाको वित्तीय अवस्थाको जानकारी सम्बन्धमा, संस्थाको विनियम तथा नीति नियम तर्जुमा आदि कार्य लगायत नियमित रूपमा संस्था संचालन गर्ने सम्बन्धमा र प्रवाह भएको कर्जा स्वीकृत/अनुमोदन/समर्थन गर्ने जस्ता बिषयमा छलफल तथा निर्णय गरेको पाईयो ।

३. ऋण लगानीको प्रक्रिया/ऋण बापतको सुरक्षण तथा धितो सम्बन्धी ब्यबस्थाः

संस्थाबाट प्रवाहित कर्जा सञ्चालक समिति तथा संस्थाको साधारण सभाबाट समेत अनुमोदन गरेको पाईयो । नयाँ सदस्यता प्राप्त गरेका व्यक्तिहरूलाई कर्जा प्रवाह गर्दा कर्जा रकमको दश प्रतिशत रकम धरौटी शिर्षकमा जम्मा गर्न लगाई निजले गरेको बचत र उक्त धरौटी रकमलाई सुरक्षणको रूपमा लिने गरी कर्जा प्रवाह गरेको पाईयो । प्रवाहित कर्जा मध्ये केही कर्जा विश्वसनियताको आधारमा बिना धितो र अन्य कर्जाको हकमा अचल सम्पत्ति, संस्थामा रहेको निजको बचत तथा शेयर आदि जस्ता सुरक्षणको आधारमा प्रबाह गरेको पाईयो । कर्जा प्रबाह गर्दा ऋणीबाट कर्जा माग फारम भर्न लगाई स्वीकृत रकम बराबरको तमसुक गराई नगद र/वा चेकबाट भुक्तानी दिने गरेको पाईयो ।

४. दैनिक कार्य सञ्चालन प्रकृयाः

संस्थामा व्यवस्थापक समेत तीनजना कर्मचारीहरू कार्यरत रहेको र निजहरूको पारिश्रमिक तोकिएको मासिक तलव एवं वजार प्रतिनिधिको रूपमा कार्य गरेका कर्मचारीहरूले महिनाभर उठाएको दैनिक बचत, दैनिक कर्जा र दैनिक कर्जाको ब्याजको कुल रकमको ०.७५% ले गणना गरी सो प्रतिफललाई तलवमा थप गरी प्रदान गरेको पाइयो । साधारण सभाले पारित गरे अनुसार संचालक समिति तथा लेखा समितिका सदस्यहरूलाई प्रति बैठक भत्ता रू १,५००।- (कर समेत) का दरले प्रदान गरेको पाईयो ।

५. निर्देशन कार्यान्वयनको अवस्थाः

लेखा समितिले विगतमा गरेको निरिक्षणमा देखिएका कैफियत उपर दिईएका सुझावहरू केही कार्यान्वयन भैसकेको, केही कार्यान्वयनको अवस्थामा रहेको र केही कानुनी जटीलता भएकोमा संस्थाको विनियम संशोधनका लागि साधारण सभाबाट पारित गरी स्वीकृतिका लागि सम्बन्धित निकायमा पठाएको भएता पनि आर्थिक वर्ष समाप्त भएको सन्दर्भमा साधारणसभामा पुनः पेश गर्नुपर्ने बुझियो ।

६. व्यवस्थापन तथा कर्जा समितिः

संस्थाको दैनिक कार्य प्रभावकारी रूपले सञ्चालन गर्न अध्यक्षको संयोजकत्वमा व्यवस्थापन समिति गठन गरेको र उक्त समितिलाई कर्जा समितिको समेत कार्य गर्ने अख्तियारी प्रदान गरेको पाईयो ।

सुझावहरू

१. संस्थाको कारोवारका सम्बन्धमा सञ्चालकहरूबाट समेत थप प्रयत्न सहितको योगदान पुऱ्याउनु पर्ने ।

२. नियमित रुपमा जम्मा गर्नुपर्ने वचत केही सदस्यहरूवाट जम्मा गरेको नपाईएकोले सो वचतलाई नियमित गराउनु पर्ने ।

३. पूँजीकोषको आधारमा संस्थाको क्षमता हेरी प्रति ग्राहक कर्जा सीमा निर्धारण गर्नुपर्ने ।

४. पूँजीकोषको अनुपातमा वचत न्युन देखिएकोले वचत संकलन अभिबृद्धि गर्ने कार्यक्रम सञ्चालन गरी बचत बृद्धि गर्नुपर्ने ।

५. कर्जा प्रवाह गर्दा परियोजना विश्लेषण गरी स्व-लागतलाई समेत आधार बनाई प्रवाह गर्नुपर्ने ।

६. भाखा नाघेको कर्जा असुल गर्ने सम्बन्धमा सञ्चालक समिति लगायत ब्यवस्थापन सक्रिय हुनुपर्ने ।

७. बचत बृद्धि गर्ने सम्बन्धमा प्रभावकारी उपकरणहरू प्रयोग गर्नु पर्ने ।

८.. भाखा नाघेको कर्जा असुल गर्न निजले तिर्नुपर्ने व्याजमा केही छुट दिएर भएपनि असुल गर्नु पर्ने देखिन्छ ।

९. न्युन आर्थिक गतिविधि र सहकारी प्रति बढेको नकारात्मक धारणाको कारण व्यापारमा र अन्य आर्थिक क्षेत्रमा कमी आएको र जोखिम पनि बढेर गएको हुँदा ऋण लगानी गर्दा बिशेष सावधानी अपनाउनु पर्ने देखिन्छ ।

१०. संस्थाको ईतिहास पुरानो भएपनि अरू सहकारी संस्थाको भन्दा बजार हिस्सा बढाउन नसक्नुले सो कार्यका लागि सञ्चालक समिति र कर्मचारीले थप मेहनत गर्नु पर्ने देखिन्छ ।

११. भाखा नाघेको कर्जा असुलीको लागि सञ्चालक समिति तथा व्यवस्थापन सकृय भई लाग्नु पर्ने देखिन्छ ।

१२. अन्य केही सहकारी संस्थाहरूले कर्जा लगानीमा ध्यान नपुऱ्याउँदा र सञ्चालक समिति सकृय नहुँदा सहकारी संस्थानै धरासयी भएकोले सञ्चालक समिति यस तर्फ चनाखो हुनुपर्ने देखिन्छ ।

१३. यस संस्थामा धेरैजसो शेयर सदस्यहरू निष्कृय देखिएको हुनाले त्यस्ता सदस्यहरूलाई सकृय बनाई सहकारीलाई थप मजबुत बनाउनु पर्ने देखिन्छ ।

१४. यस संस्थामा रहेको एनआईसि एशिया, रिडि हाईड्रोको शेयर सहकारी निर्देशनका कारण बिक्री गर्नु पर्ने देखिन्छ ।

१५. अन्त्यमा, यो एकीकृत प्रतिवेदन तयार गर्नको लागि सहयोग गर्नु हुने यस संस्थाका व्यवस्थापकज्यू प्रति हार्दिक आभार प्रकट गर्दै अवका दिनमा पनि सहयोगको अपेक्षा राख्दछौं ।

बचत

बचत	ब्याजदर	ब्याज भुक्तानी अवधि
विशेष बचत	४%	३/३ महिना
पेवा बचत	४%	३/३ महिना
दैनिक बचत	४%	३/३ महिना
नियमित बचत	१०%	३/३ महिना

मुद्दती बचत

अवधि	३/३ महिनामा ब्याज भुक्तानी	६ महिनामा ब्याज भुक्तानी	एकमुष्ट ब्याज भुक्तानी
३ महिना	५.५०%	–	–
६ महिना	५.७५%	६.००%	–
१ वर्ष	६.५०%	६.७५%	७.००%
२ वर्ष	७.५०%	७.७५%	८.००%

कर्जा

कर्जाको प्रकार	ब्याजदर
घरायसी कर्जा	दैनिक असुली कर्जाको १६ प्रतिशत मासिक असुली कर्जाको १४ प्रतिशत
सामाजिक कर्जा	
व्यवसायिक कर्जा	
मुद्दती रसिद धितो कर्जा	
शैक्षिक कर्जा/बैदेशिक रोजगार कर्जा	

यसमा उल्लेखित ब्याजदरहरू परिवर्तन हुन सक्नेछ ।

कर्जा उपभोग गर्न चाहिने योग्यता

१. सदस्यता लिएको कम्तिमा ३ महिना हुनुपर्ने ।
२. बचत नियमित रूपमा बुझाएको हुनुपर्ने
३. कर्जा बाँकी रहेको हुन नहुने
४. स्वीकारयोग्य धितो हुनुपर्ने ।
५. विश्वसनीय हुनुपर्ने

सामाखुसी बहुउद्देश्यीय सहकारी संस्था लि.

२०७७ देखि २०८२ आषाढ मसान्तसम्मको प्रगति विवरण





"संस्थामा महिनै पिच्छे देखा पर्नु
मासिक बचत नियमित जम्मा गर्नु ।"

सामाखुसी बहुउद्देश्यीय सहकारी संस्था लि.
SAMAKHUSI BAHUUDESHYA SAHAKARI SANTHA LTD.
सामाखुसी, काठमाडौं-२६, फोन नं. ४९६११९१